# १०. दुर्गुणहरूको खानी : मदिरा

दुर्व्यसनमा फसेको व्यक्ति आफ्नो मानव धर्मबाट च्यूत हुने गर्दछ। उसको आत्मागुण विलुप्त हुन्छ। उसको जीवन नरकमय बन्न पुग्छ। मदिराको स्थान सात व्यसनहरूमा पहिलो नम्बरमा आउँछ।

रक्सी सेवनबाट व्यक्ति आफ्नो बुद्धि हराउँछ। एक प्रसिद्व भनाइ छ- जब मदिरा भित्र, तब बुद्धि बाहिर। बुद्धि नै त्यो तत्व हो, जसले मानिसलाई पशुभन्दा माथि उठाउँछ। रक्सी पिउनासाथ मानिस पशुभन्दा तल्लो श्रेणीमा पुग्छ। उसको विवेक गुम्छ। कर्तव्यको बोध उसमा हुँदैन। मदिराले धन, धर्म र शर्मलाई खाइदिन्छ। मदिरा दुर्गुणहरूको भण्डार हो। यसको प्रयोगबाट मानिसमा पारिवारिक, सामाजिक र आध्यात्मिक विनाश सुरू हुन्छ। मदिरा सम्पूर्ण हानी-नोक्सानीको स्रोत हो। यसकारण यो त्याज्य छ।

द्वारिका नगरीको विनाशको मुख्य कारण रक्सी नै थियो। आज रक्सीको नशाले समाजलाई ग्रसित पारिरहेको छ। यदि समाजको कुनै एक सदस्य नराम्रो भयो भने त्यसले समाजलाई नै खराब पार्दछ। हामी जुन समाजमा रहन्छौं, त्यसको मर्यादा कायम राख्नु हाम्रो पहिलो कर्तव्य हो। तर, कुनै व्यक्तिले भन्न सक्छ- म कमाउँछु, मेरो पैसाले पिउँछु। अरूको के हानी गरेको छु ? तर, खराबी खराबी नै हो। जस्तो कि एउटा मरेको माछाले सारा तलाउलाई नै खराब पारिदिन्छ।

समाजमा अनेकौं प्रकारका मानिस हुन्छन्। कोही मानिस असल कर्म गर्दछ तर उसलाई हतोत्साहित गर्ने मान्छे पनि समाजमा हुन्छ। खराब व्यक्तिको असर सम्पूर्ण समाजलाई पर्दछ। अतः हामीले आफ्नो समाजका यस्ता खराबीहरूलाई जरादेखि नै नष्ट पार्ने प्रयास गर्नुपर्दछ।

# ११. घृणा : पापीसँग होइन पापसँग

पाप खराब हो, पापी होइन । घृणा पापसँग गर्नुपर्दछ, पापीसँग होइन । आजको पापी व्यक्ति भोलिको धर्मात्मा बन्न सक्दछ । धर्म गर्ने व्यक्ति पछि पर्न सक्छ र पापीलाई शुभ-अवसर मिल्यो भने ऊ सिद्ध, बुद्ध र मुक्त बन्न सक्दछ । धर्मात्मा प्रायः पापीलाई देखेर अनुहार फेर्छ । तर, भगवानको घरमा पापी र धर्मात्मा दुवैलाई एउटै स्थान मिल्दछ । पापी व्यक्तिमा पनि परमात्मालाई पाउने योग्यता हुन्छ । पापी र हत्यारा पनि पापबाट मुक्त भएपछि संयम मार्गको साधक बन्न सक्दछ ।

अन्तकृत सूत्रमा वर्णन गरेअनुसार सयौं मानवको हत्या गर्ने अर्जुनसँग घृणा गर्नुको साटो सुदर्शन उसलाई सचेत गराउँदछ । प्रेमपूर्वक वार्तालाप गरेर उसलाई भगवान् महावीरको दर्शनका लागि लान्छ । भगवान्को शरणमा गएर अर्जुन आफ्नो पापहरूको लागि पश्चाताप गर्दछ र जीवन बदल्छ ।

व्यक्तिको विगतमा जीवनलाई लिएर उसमाथि घृणा गर्नु सज्जनता होइन, दुर्जनता मान्नुपर्दछ । व्यक्तिले दिशा बदल्नासाथ दशा बदलिन्छ । पापी व्यक्तिले पनि जीवन परिवर्तन गर्न सक्दछ । जस्तो कि अर्जुन मालीले प्रभु महावीरका शरणमा सिद्धगति प्राप्त गर्न सफल भए ।

हामीले पनि हृदयमा सुर्दशनका जस्तै उदारता, विशालतालाई स्थान दिनुपर्दछ, संकीर्णता र तुच्छतालाई तिलाञ्जली दिनुपर्दछ ।

हिंसा कहिले पनि अहिंसामाथि विजयी बन्न सक्दैन । कसैको हृदयमा धर्म बसेको छ भने त्यसलाई कुनै पनि खराब व्यक्तिले प्रभाव पार्न सक्दैन ।

जस्तो बाँसमा फूल फुल्न थाल्यो भने त्यो बाँसको लागि पनि राम्रो मान्न सकिन्न । त्यसैगरी अविवेकी व्यक्तिलाई प्राप्त स्वतन्त्रता उसकै लागि पनि शुभदायक मान्न सकिन्न ।

# १२. कवीरा : गर्व नगर

अहंकारको अनेकौं प्रवेशद्वार हुन्छ । कहिले विनम्रताको रूपमा, कहिले ज्ञानको रूपमा, कहिले तपको रूपमा त कहिले साधनाको रूपमा हामीभित्र प्रवेश गरिरहेको हुन्छ । जुन हामीलाई थाहा हुँदैन । जहाँ अहंकार हुन्छ, त्यहाँ विनम्रता हुँदैन । अहंकारले विनयको नाश गर्दछ ।

अज्ञानी मानिस अहंकारको वशीभूत हुने गर्छ । जबसम्म मानिसमा म र मेरो भन्ने भावना जाग्छ, तबसम्म उसको कल्याण हुँदैन । कोही पनि हामीलाई नदेखेजस्तो गरी गयो भने हामीभित्र रहेको अहंकाररूपी पक्ष छटपटाउन थाल्छ । अभिमानी व्यक्ति आफ्नै चिन्तनले गर्दा सधैं दुःखी हुने गर्छ । धन आउँदाखेरी पनि अहंकार गर्दछ । धन नहुँदा पनि हीन भावना गर्दछ । महावीरको साधन समभावको साधना हो । अतः धन आउँदा-जाँदा विचलित हुनुहुँदैन ।

मानिस एक यस्तो प्राणी हो, जसमा तीन गति भएका जीवहरूको धेरै मान रहेको हुन्छ । मान यस्तो दुर्गुण हो, जसले शील, सौजन्य र सम्पत्ति समूल नष्ट गर्दछ । मदान्ध व्यक्ति न आफ्नो मनमाथि संयम राख्न सक्दछ, न वचनमाथि । अतः उसबाट सद्भावहरूको आशा राख्नु व्यर्थ छ । अभिमानी व्यक्ति हृदयबाट क्रूर बन्न पुग्छ र छिट्टै विनाशलाई प्राप्त गर्दछ । एक अंग्रेजी कहावत (भनाइ) छ- "pride goes before and shame follows after." अर्थात गर्व (अभिमान) अगाडि-अगाडि चल्छ र त्यसको पछाडि-पछाडि कलंक ।

सन्त कवीराका शब्दमा-

*कवीरा गर्व न किजीय, कवहुँ न हँसिये कोय*
*अवहुँ नाव समुन्द्र मे न जाने क्या होय !!*

संसाररूपी समुन्द्रमा जीवहरूको डुङ्गा डगमगाइरहेको छ । मृत्यु जहिले पनि आउन सक्छ । लक्ष्मी जहिले पनि जान सक्छ । अतः हे मानव ! कसैमाथि नहाँस । आफ्ना उपलब्धिहरूमाथि गर्व नगर !

# १३: अज्ञानको नतिजा अहंकार

जुन महापुरूषको आत्मा जागृत हुन्छ, जसलाई ज्ञानको उपलब्धि हुन्छ । भित्र अहंकार समाप्त हुन्छ । विज्ञ पुरूषले यो संसारमा अहंकार गर्न योग्य वस्तु नै देख्दैन । यो शरीरको पनि अहंकार गरूँ भने वृद्धावस्थामा कुरूप भइहाल्छ । धनमाथि अहंकार गरूँ भने पनि यो आउने-जाने वस्तु हो । बुद्धि र बल पनि क्षण-क्षणमा क्षीण भइरहेको छ । जबसम्म अज्ञानरूपी अन्धकार हाम्रो मनभित्र रहन्छ, तबसम्म अहंकार पनि रहिरहन्छ । जब ज्ञानरूपी प्रभाव फैलिन्छ, अन्धकार पनि हट्दै जान्छ ।

महावीर, बुद्ध, नानक आदि महापुरूषले ज्ञान प्राप्त गरे अनि अहंकारबाट अलग्गै रहे ।

साधारण व्यक्ति जब पैसा कमाउँछ, तब अहंकार पनि साथ-साथ राख्ने गर्दछ । जब कसैलाई दान गरिन्छ, अहंकार पनि साथसाथै हुने गर्दछ । हामी सुन्दर-सुन्दर कपडा लगाउँछौ । सांसारिक भोग विलासका वस्तुहरू प्रयोग गर्छौं, त्यहाँ पनि अहंकार हामीसँग हुने गर्दछ । जब हामी यी वस्तुहरूलाई त्याग गर्दछौं, तब पनि अहंकार हामीसँगै रहने गर्दछ । वस्तुतः अहंकारलाई चिन्न त्यति सजिलो हुँदैन ।

ज्ञानी व्यक्ति कहिले पनि आफ्नो आत्मामा अहंकाररूपी दुर्गुणलाई आउन दिँदैन । किनभने यदि मान आयो भने ज्ञानी भनिँदैन, अज्ञानी कहलाइन्छ । ज्ञानको मिथ्या गर्व त्यही हुन्छ जहाँ ज्ञानको अभाव हुन्छ ।

अभिमान व्यक्ति अहंकारका कारण आफूलाई महान् सम्झन्छ र अरूलाई तुच्छ । परन्तु यसको परिणाम उल्टो हुन्छ । भनिएको छ-

*'मानेन सर्वजन निन्दितवेथ रूप : ।'*

अर्थात अहंकारका कारण सबै मानिसहरूबाट निन्दाको पात्र बन्नुपर्दछ ।

# १४. सुख-दु:ख : एक सिक्काका दुईपाटा

प्रत्येक व्यक्ति सुख चाहन्छ, कोही दु:ख चाहँदैनन् । तर, व्यक्तिलाई सुखमात्र पनि मिल्दैन, जब व्यक्ति सुखको अनुभव गर्दछ, तब पनि उसलाई सुख किन मिल्दैन ?

भगवान भन्नुहुन्छ- सुख-दुख दिनेवाला तिम्रै आत्मा हो । सुख-दु:ख भोग्ने भोक्ता पनि तिम्रै आत्मा हो । तिमीभित्रको प्रवृत्तिले नै सुख-दु:ख निर्धारण गर्दछ । जबसम्म बाहिर सुख खोज्दछौं, बाहिर सुख मिल्दैन। जबसम्म आत्मामा विकारले घेरा हाल्दछ, तबसम्म सुख मिल्दैन, जब आत्मा विकारहरूबाट मुक्त हुन्छ, तब ज्ञानको ज्योति प्रकट हुन्छ । तबमात्र आफूभित्र सुखको अनुभूति हुन्छ ।

अन्धकारमा डोरीलाई सर्पको रूपमा देखेर अक्सर मान्छेहरू डराउँछन् । तर प्रकाशमा उज्यालोको भ्रम हट्दा त्यसबेला डोरीलाई डोरीको रूपमा देख्छ । त्यसै प्रकारले जब ज्ञानको ज्योति बल्दछ, अज्ञानरूपी अन्धकार हट्न थाल्दछ, आत्माको अनुभूति हुन थाल्दछ, तब हामीलाई सुखको अनुभूति हुन्छ । सुख र दु:ख एकै सिक्काका दुई पाटा हुन् । सुख र दु:ख समानरूपमा आत्माको साथ रहन्छ । हाम्रो मनको सत्प्रवृत्तिहरूका कारण सुखको अनुभव हुन्छ । मनको दुष्प्रवृत्तिहरूका कारण दुखको अनुभूति हुन्छ । दु:ख आउँदा व्यक्ति हडबडाउँछ । तर, हामी देख्छौं- गुलाफको फूलमा काँडा पनि हुन्छ । हामीलाई दु:ख लाग्दा त्यस नदीका तलाउमा जानुपर्छ, जहाँ फोहोर पोखरीमा कमल फुलेको होस् । चन्दनको बोट भएको ठाउँमा जानुपर्छ, जुन वृक्ष विषहरूले भरिएको हुन्छ । हामीले यो जान्नुपर्छ- सुख-दु:ख जीवनको अभिन्न अंग हो ।